# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको ५४ औं बैठकका निर्णयहरू

## (२०७८ असार ६ गते)

१. आर्थिक वर्ष ०७८/०७९ को बजेट, नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा छलफल हुँदा उक्त नीति तथा कार्यक्रमको अध्ययन गरी आगामि बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो।

२. विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७६ खारेज गरी विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८ पुनर्लेखन गर्ने सर्वसम्मतले निर्णय गरियो।

३. आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८, आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य पूर्वाभ्यास निर्देशिका, २०७८, आपतकालिन कार्यसञ्चालन केन्द्र, कार्य सञ्चालन कार्यविधि, २०७८, भरतपुर महानगरपालिका स्तरीय विपद् राहत मापदण्ड, २०७८, दीर्घकालिन सेवा गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाई गर्ने कार्यविधि,२०७८, भरतपुर महानगरपालिकाको नक्शा पास सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०७८), भरतपुर महानगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यविधि, २०७८ र बाल क्लब/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७८ माथि छलफल हुँदा सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

४. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७५ (दोश्रो संशोधन, २०७८) माथि छलफल हुँदा उक्त कार्यविधि अध्ययन गरी आगामि बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो।

५. भरतपुर महानगरपालिका वडा नं. ३ स्थित मेट्रोप्लाजा निर्माण हुने जग्गाको बाटोसँग सम्बन्धित विषयमा नगर प्रमुखज्यू र सरोकारवालाहरुको बीच भएको मिति २०७८/०२/१९ गतेको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ को लागि सङ्कलित बेरोजगार दर्ता फारामहरूमध्येबाट कूल ६३५ जना सूचीकृत गर्ने सर्वसम्मतले निर्णय गरियो।

७. आर्थिक वर्ष २०७६/७७ मा उपभोक्त समितिद्वारा सञ्चालित अधुरा योजनाहरूको मिति २०७८/०३/२० गतेसम्म म्याद थप गर्ने सर्वसम्मतले निर्णय गरियो।

८. आर्थिक वर्ष २०७६/७७ को भुक्तानी दिन बाँकी सम्पन्न योजनाहरूको भुक्तानी दिने सर्वसम्मतले निर्णय गरियो।

९. स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन कार्ययोजना पारित गर्ने सर्वसम्मतले निर्णय गरियो।

१०. भरतपुर महानगरपालिका अर्न्तगत तपसिल वमोजिमका विभिन्न चार(४) ठाँउबाट नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण सम्बन्धी कार्य आय ठेक्का मार्फत सञ्चालन भएकोमा, मिति २०७८ जेष्ठ मसान्तसम्ममा सम्पन्न भइसकेकोमा नियमानुसार सम्झौता बमोजिमको कबोल रकम हालसम्म पनि दाखिला हुन नआएको हुँदा सम्झौताका बखत यस कार्यालयमा पेश भएको बैक जमानतहरुबाट सम्झौता बमोजिम दाखिला हुन बाँकी रकम असुलउपर गर्ने सर्वसम्मतले निर्णय गरियो ।

## तपसिल

| ठेक्काको विवरण | बैंक जमानतको रकम र दावी गरिसक्नुपर्ने समय |
|---|---|
| भरतपुर-२९,भोर्ले र गाईघाट/त्रिशुली नदीको वगरक्षेत्र :हाईवे कन्स्ट्रक्सन | कृषी विकास बैंक लिमिटेड शाखा कार्यालय भरतपुरबाट मिति २०७८/०५/११ सम्म म्याद भएको रु.७४,१८,४५०/- बराबरको जमानत पेश भएको छ । |
| भरतपुर-१ ठिमुरा क्षेत्र, त्रिशुली नदीको बगर क्षेत्र/सगुन कन्स्ट्रक्सन | सनराइज बैंक लिमिटेड,नारायणगढबाट मिति १६ जुलाई २०२१ सम्मको म्याद भएको रु १,२७,७६,१००/ बैंक जमानत पेश भएको छ । |
| भरतपुर-१६,ज्ञानेश्वर सामुदायिक वन/नारायणी नदीको क्षेत्र | कृषि विकास बैंक लिमिटेड,भरतपुरको मिति २०७८/०३/३१ सम्म म्याद भएको रु.१,६४,९८,०००/- बराबरको बैंक जमानत पेश भएको छ । |
| भरतपुर-१७,मझुँवा सामुदायिक वन/नारायणी नदीको क्षेत्र | कृषि विकास बैंक,शाखा कार्यालय नारायणगढको मिति २०७८/०४/३२ सम्म म्याद भएको रु.१,७१,७५,०००/- बराबरको बैंक जमानत पेश भएको छ । |

११. यस महानगरपालिकाको वडा नं. २ स्थित रामेश्वर टोल विकास संस्था अन्तर्गत राम मार्ग चित्रावती अगाडिबाट गोमा तिमिल्सिनाको घर हुँदै पुड्डी खोलासम्मको २२५ मिटर बाटोमा ढल निर्माण कार्यको लागि उपभोक्ता समितिबाट राजस्व महाशाखामा मिति २०७७/११/१४ मा रसिद नं. ७७२३ बाट रु ६,००,३२५/- (अक्षेरुपीः छ लाख, तीनसय, पच्चीस रुपैयाँ मात्र) जम्मा भएकोमा नियमानुसार जम्मा हुनुपर्ने रु. ४८३२१६.०६/- (अक्षेरुपीः चार लाख त्रीयासी हजार दुईसय सोह्र रूपैयाँ, पैसा शून्य छ मात्र) बढी रकम रु. १,१७,१०९/- (अक्षेरुपीः एकलाख सत्र हजार एकसय नौं रुपैयाँ मात्र) फिर्ताको लागि सम्बन्धित वडा कार्यालयको सिफारिश बमोजिम फिर्ता गर्ने सर्वसम्मतले निर्णय गरियो।

१२. राजश्व परामर्श समितिबाट भएका चालू आ. व. ०७७/०७८ का निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मतले निर्णय गरियो।

१३. भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५ दोश्रो संशोधनको लागि आगामि नगरसभामा पेश गर्ने सर्वसम्मतले निर्णय गरियो।

१४. अरुणोदय माध्यमिक विद्यालय व्यवस्थापन समिति र ६ नं. वडा कार्यालयको सिफारिश बमोजिम उक्त विद्यालयको नाममा रहेको कि.नं. १३२३ जम्मा ज.वि. ०-८-२.२५ मध्ये उत्तरतर्फ ०-५-० क्षेत्रफल जग्गा इलाका प्रहरी कार्यालय गीतानगर, चितवनलाई भोगाधिकारको लागि दिने सर्वसम्मतले निर्णय गरियो।

१५. नियमित गर्नुपर्ने बेरुजु नियमित गर्ने सैद्धान्तिक सहमति दिने निर्णय गरियो।

१६. नगरकार्यपालिका सदस्य मान बहादुर वि.क. कोरोना सङ्क्रमित भई हाल अस्पताल भर्ना भई उपचाररत रहनुभएकोले उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने सर्वसम्मतले निर्णय गरियो।

१७. यस महानगरपालिकामा कार्यरत सहायकस्तर पाँचौं (लेखा) श्री माधव प्रसाद अर्याललाई उपचार शीर्षकबाट ५०,०००/- आर्थिक सहयोग दिने निर्णय गरियो।

१८. आगामि नगरकार्यपालिकाको ५५ औं बैठक मिति २०७८/०३/०८ विहान ८:०० बजे बस्ने निर्णय गरियो।